# इटहरी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

☎ ०२५-५८००४६

पत्र संख्या:- २०८२/०८३
चलानी नं.:- ४४३०

मिति: २०८३/०२/२८

इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी कोशी प्रदेश, नेपाल स्था:२०७३

विषय:- बजेट सिमा (सिलिङ्ग) तथा मार्गदर्शन पठाइएको बारे ।

श्री वडा कार्यालयहरु सबै,
१ देखि २० सम्म
इटहरी उपमहानगरपालिका ।

प्रस्तुत विषयमा आगामी आर्थिक बर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट निर्माण गर्ने सन्दर्भमा स्रोत अनुमान तथा बजेट निर्धारण समितिको मिति २०८३/०२/२७ गते बसेको बैठकको निर्णयानुसार प्रत्येक वडालाई रु. १ करोड २५ लाखका दरले बजेटको सीमा निर्धारण भएको व्यहोरा जानकारीका लागि अनुरोध छ । उक्त बजेटको सिमा (सिलिङ्ग) र यसै साथ समलग्न रहेको मार्गदर्शन अनुसार योजना तथा कार्यक्रमहरु र बजेट प्रस्ताव गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा यथाशिघ्र उपलब्ध गराइदिनुहुन निर्णयानुसार अनुरोध छ ।

(महेश पराजुली)
प्रमुख प्रशासकीय अधिकृत

**महेश पराजुली**
प्रमुख प्रशासकीय अधिकृत

Email: itahari.municipality@gmail.com

Website: www.itaharimun.gov.np

# इटहरी उप-महानगरपालिका

☎ ०२५-५८००४६

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल


पत्र संख्या:- २०८२/०८३
चलानी नं.:-

मिति: २०८३/०२/२८

मार्गदर्शन:-

- गतवर्षको अधुरा योजना छनौट गर्दा आगामी आ.व.मा सम्पन्न गर्ने गरी पहिलो प्राथमिकतामा राख्ने।
- वडागत सिलिङ्गवाट छनौट हुने पूर्वाधार विकास आयोजनाका लागि तीन लाख वा सो भन्दा बढी रकमका आयोजनाहरु मात्र छनौट गर्ने।
- कालोपत्रे गर्ने सडक आयोजना छनौट गर्दा मुख्य सडक सँग जोडिने कालोपत्रे भएको अवस्थामा मात्र सहायक सडक कालोपत्रे गर्ने कार्यक्रमलाई प्राथमिकता दिई छनौट गर्नु पर्ने।
- कालोपत्रे गर्नु अगाडि अनिवार्य रुपले ड्रेन तथा प्रोटेक्सन वाल निर्माण गरेको हुनु पर्नेछ।
- ड्रेन निर्माण गर्दा पानी निकासको उचित प्रबन्ध भएमा मात्र ड्रेन निर्माण आयोजना छनौट गर्ने।
- आयोजना छनौट गर्दा सकेसम्म चाडो प्रतिफल प्राप्त हुने र अधिकतम स्थानीय बासिन्दाले सुविधा उपयोग गर्न पाउने गरी गर्ने।
- अधुरो रहने निर्मित संरचनाले कुनै प्रतिफल नदिने र प्राथमिक उपयोगमा आउन नसक्ने आयोजना छनौट नगर्ने।
- बजार क्षेत्रमा आयोजना छनौट गर्दा पानी निकास, सडक कालोपत्रे,सरसफाई व्यवस्थापन हरियाली प्रवर्द्धन, फुटपाथ र रेलिङ निर्माण,फलफुल तथा तरकारी बजार व्यवस्थापन,मासु पसल तथा पशु वध स्थल व्यवस्थापन जस्ता आयोजनाहरुलाई प्राथमिकता दिने।
- आंशिक बजार क्षेत्र र ग्रामिण क्षेत्रमा सडक स्तरोन्नती आवश्यकता अनुसार कालोपत्रे,ग्राभेल,ड्रेन तथा प्रोटेक्सन वाल,नदी नियन्त्रण,सार्वजनिक जग्गा संरक्षण जस्ता आयोजनाहरु छनौट गर्ने।
- सडक निर्माण र मर्मत सम्भार आयोजना छनौट गर्दा मुख्य सडकहरु सँग जोडिने गरी कृषि उपजलाई हाट बजार स्थल सम्म पुऱ्याउन उपयोगी हुने गरी,अधिकतम स्थानीय बासिन्दाले उपयोग गर्ने सडकहरु पुर्व सम्भाव्यता हेरी छनौट गर्ने र प्राथमिकता दिने।
- आयोजना संचालन गर्दा स्थानीय सरकार संचालन ऐन,२०७४ र नगरपालिकाले तयार गरेको मार्ग निर्देशन परिधि भित्र रहेर मात्र छनौट गर्ने।
- भवन निर्माण सम्वन्धि योजना प्रस्ताव गर्दा सम्बन्धित निकाय/संस्थाको नाममा जग्गा प्राप्ति भएको हुनु पर्ने छ।

# इटहरी उप-महानगरपालिका

☎ ०२५-५८००४६

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल


पत्र संख्या:- २०८२/०८३

चलानी नं.:-

मिति: २०८३/०२/२८

---

- आगामी आ.व.२०८३/०८४ को योजना छनौट गर्दा कृषि क्षेत्रको अधुनिकिकरण र व्यवसायीकरणलाई जोड दिदै वडामा रहेका बाझो जग्गामा कृषि उत्पादन गर्ने खालको योजनालाई प्राथमिकिकरण गर्ने ।
- वडा स्तरीय बजेट सिलिङ्गबाट आयोजना छनौट गर्दा कम्तिमा दुई योजना ५ लाखको हुने गरी अनिर्वाय रुपमा छनौट गर्नु पर्नेछ ।
- वडालाई आवश्यक पर्ने सडक बत्ति,गमला,फुल,विरुवा डस्बिन वडाको बजेट सिमा भित्रै वाट कार्यक्रमहरु निर्माण गरी बजेटको व्यवस्था गर्ने ।
- वडा कार्यलय प्रशासनीक खर्च अधिकतम १० लाखमा नबढ्ने छुट्याउन पाईनेछ ।
- सडक बत्ती मर्मत व्यवस्थापन वडा सिलिङ्गबाट गर्ने ।
- समाजका सबै वर्ग,क्षेत्र,समुदाय,जातजाति,अल्पसंख्यक,न्तकृत,अशक्त र असायहरुको सशक्तिकरण गर्न र स्थानीय तहलाई विकासको मुल प्रवाहमा ल्याउन उपयोग गर्नुपर्ने ।
- सामाजिक एवं आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग वा समुहको उत्थान एवं मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने आयोजना /कार्यक्रमहरु गर्नुपर्ने ।
- एउटै आयोजनाहरुलाई स्वरुप परिवर्तन गरी विभिन्न खण्डमा विभाजन नगर्ने र टुक्रे आयोजनाको रुपमा विभिन्न अनुदानमा समावेश नगर्ने /नगराउने ।
- वडा स्तरीय आयोजना तथा कार्यक्रम पठाउँदा समुदाय तथा वडा स्तरमा भएको भेला,बैठक उपस्थिति पुस्तिकाको प्रतिलिपि र सम्बन्धित वडा समितिको बैठकको निर्णयको प्रतिलिपि संलग्न गरी यथाशिघ्र योजना तथा कार्यक्रम छनौट गरी अनिवार्य रुपमा बजेट तथा योजना तर्जुमा समितिको बैठकमा पेश गर्ने पर्ने छ ।


Email: itahari.municipality@gmail.com

Website: www.itaharimun.gov.np